सामाजिक सञ्जालमा सक्रिय रहने यो जोडीले पछिल्लो समयमा कमै मात्र सँगै रहेको तस्बिर राख्ने गरेका छन् । दिवालीदेखि ठूला चाडपर्वमा अधिकांश जोडीले जोडी तस्वीर राखे पनि दीपिका र रणवीरले भने एकअर्काको तस्वीर राखेका छैनन् । आफ्नो वैवाहिक वार्षिकोत्सवमा पनि यो जोडीले सामाजिक सञ्जालमा तस्वीर राखेनन् । नयाँ वर्षमा पनि उनीहरूको तस्वीर देखिएन । कतिसम्म भने दीपिका पादुकोणको जन्मदिनमा समेत रणवीरले केही पोस्ट गरेनन् । *एजेन्सी*

## अस्करका विद्यार्थीलाई सिंगापुरमा छात्रवृत्ति

**काठमाडौं (प्रस)–** सिंगापुरको इन्फानाइट स्टुडियोज्ले अस्कर कलेज (कलेज अफफिल्म स्टडिज) का १५ विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराएको छ । स्टुडियोको प्रतिनिधि सुयीमोले बिहीबार अस्कर कलेजमै आयोजित कार्यक्रममा सन् २०२३ मा छात्रवृत्ति पाउने १५ जना विद्यार्थीलाई रकम हस्तान्तरण गरेकी छन् ।

कार्यक्रममा ५ जना विद्यार्थीले इन्फाइनाइट छात्रवृत्ति र १० जनाले इन्फानाइट बर्सरी अवार्ड प्राप्त गरेका थिए । इन्फानाइट स्टुडियोज्ले २०७३ सालदेखि अस्कर कलेजमा पढ्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।

प्रतिनिधिको रूपमा नेपाल आएकी मोले कलेजले विद्यार्थीको वृत्ति विकासमा ठूलो योगदान पुऱ्याउने उल्लेख गरिन् । 'कलेजमै विद्यार्थीले सबै सीप सिक्ने भएकाले गर्दा फिल्म कलेज सिनेमा उद्योगका आधार हुन् । यही कारणले हामीले विद्यार्थीलाई छात्रवृत्ति दिने निर्णय गरेका हौं । आगामी दिनमा हामी अरू क्षेत्रमा पनि सहकार्य गर्न इच्छुक छौं,' मोले कार्यक्रममा भनिन् ।

मोले बिहीबार नै कलेजमा विद्यार्थीले बनाएका ६ वटा सर्ट फिल्म पनि हेरेकी थिइन् । 'छात्रवृत्ति बापत विद्यार्थीले पाउने रकमको ठूलो अर्थ छ । यो बाहेक हामी स्टुडियोसँग आगामी दिनमा अरू क्षेत्रमा पनि सहकार्य गर्न इच्छुक छौं,' उनको भनाइ थियो ।

स्टुडियोले कोभिड १९ को महामारीका कारण क्षति बेहोर्नु परेका विद्यार्थीका लागि भनेर दुई साल अघिदेखि बुरसरी अवार्ड पनि वितरण गर्न थालेको थियो ।

# गायक आशिष सचिनले जन्मदिन मनाए अनाथ बालबालिकासँग



■ प्रभाव संवाददाता

**काठमाडौं–** युट्युवमा करिब १० करोड पटक हेरिएको नेपाली गीत दारी फुल्यो वैंशैमा चस्मा लाउँछौ पावर'का गायक आशिष सचिनले 'अनाथ असाहाय बालसुधार समाज' मा पुगेर जन्म दिन मनाएका छन् ।

गायक, अभिनय सँगसँगै समाजसेवामा पनि सक्रिय गायक आशिष सचिनले काठमाडौंको बुढानिलकण्ठ ५ डाँडा गाउँमा रहेको 'अनाथ असाहाय बालसुधार समाज' मा पुगेर अनाथ बालबालिकासँग आफ्नो जन्मदिन मनाएका हुन् ।

जन्म दिन मनाउने क्रममा गायक सचिनले आफ्ना केही चर्चित गीतहरू अनाथालयमा रहेका बालबालिकालाई सुनाए । उनका केही हिट गीत सुन्दै त्यहाँका बालबालिका उनीसँगै रमेका थिए ।

कार्यक्रममा आफ्नो जन्म दिनको केक काटेर गायक आशिष सचिनले त्यहाँका बालबालिकालाई खुवाए । सो आश्रममा रहेका ३३ जना बालबालिकालाई खाना खुवाउँदै उनले जन्म दिन मनाए । उनीहरूलाई केही आर्थिक सहयोग र खाद्यान्न सहयोग पनि प्रदान गरे ।

अनाथालयमा रहेका बालबालिकाहरू नर्सरी देखि कलेजसम्म अध्ययन गरिरहेको सँस्थाका कोषाध्यक्ष सुदिप केसीले बताए । २१ जना बालक र १२ बालिकाहरू रहेका सो आश्रममा यी गायकले आफ्नो जन्म दिन मनाएर केही क्षण भएपनि बालबालिकालाई खुसी तुल्याएका उनले बताए । आशिषका 'दारी फुल्यो बैंसैमा'सँगै 'एक कान दुई कान मैदान', 'गलबन्दी पछ्यौरी', 'ए मुना'लगायतका गीत लोकप्रिय छन् ।

## रंगशाला

# खेलाडी उत्पादनमा अब्बल धर्मजनता मावि

**कञ्चनपुर –** शुक्लाफाँटा नगरपालिका-७ स्टेशनपुरकोल धर्म जनता माध्यमिक विद्यालयका विद्यार्थी खेलकुदका क्षेत्रमा जिल्लामै अब्बल देखिएका छन् । राष्ट्रिय खेलकुद प्रतियोगितामा विद्यालयका विद्यार्थीले सहभागिता जनाउँदै आएका छन् । सातौंदेखि नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गरी १९ विद्यार्थीले सहभागिता जनाइ पदक जितेका छन् ।



विद्यालयका खेल शिक्षक गणेशसिंह धामीका अनुसार सातौं राष्ट्रिय खेलकुद प्रतियोगितामा दुई, आठौंमा सात र नवौंमा ११ जना विद्यार्थीले सहभागिता जनाएका थिए । 'सातौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सेपाक्ताक्रोमा विद्यालयकी छात्रा शर्मिला दमाइले गोल्डमेडल जित्न सफल हुनुभएको थियो', शिक्षक धामीले भने, 'गत असोजमा पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामामा विद्यालयकी छात्रा लक्ष्मी साउदले एथलेटिक्सतर्फको दुई सय मिटर दौडमा कास्य पदक जित्नुभएको छ ।'

कास्य पदक विजेता साउद अहिले नेपाल प्रहरीको क्लबमा आबद्ध भएका छन् । सातौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गोल्डमेडल विजेता शर्मिला दमाइ अहिले नेपाली सेनामा कार्यरत छिन् । नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा भलिबलमा चार, कबड्डीमा तीन र एथ्लेटिक्समा चार गरी ११ जना विद्यार्थीले सहभागिता जनाएका थिए । जसमध्ये १० जना छात्रा मात्रै छन् ।

एथ्लेटिक्समा एक जनामात्रै विद्यालयका छात्र जनक धामी ज्याब्लिङ थ्रोमा सहभागी थिए । कबड्डीमा सहभागी विद्यालयकी छात्रा कलावती पन्त एसियन गेममा सहभागी हुनका लागि बन्द प्रशिक्षणका लागि छनोट हुनुभएको छ । जिल्ला छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै विद्यालयका १२ विद्यार्थीले कञ्चनपुरको टिमबाट प्रदेश छनोट प्रतियोगितामा भाग लिने अवसर प्राप्त गरेको विद्यालयका प्रधानाअध्यापक पीताम्बर जोशीले बताए ।

उनका अनुसार विद्यालयकी छात्रा लक्ष्मी साउदले सो प्रतियोगितमा दुई सय मिटर दौडमा कास्य, चार सय मिटर रिलेदौडमा रजत पदक दिलाउन सफल भए । गत असोजमा महेन्द्रनगरमा आयोजना भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा नगरपालिकाबाट १४ खेलमा ४० विद्यार्थी यस विद्यालयबाट सहभागी भएकामा ११ जनाले स्वर्ण, छ जनाले रजत र छ जनाले कास्य पदक जितेर जिल्लामा नगरपालिकालाई दोस्रो स्थान हासिल गराउन सकेको प्रधानाअध्यापक जोशीले बताए । विद्यालयले खेलकुद शिक्षक नियुक्त गरी विद्यार्थीलाई नियमितरूपमा प्रशिक्षणको कार्य गराउँदै आएको छ । यसकै परिणामस्वरूप विद्यार्थी पढाइसँगै खेलकुदका क्षेत्रमा अब्बल आउन थालेका हुन् ।

बाह्रै महिना खेलकुदमा रुचि भएका विद्यार्थीलाई सहभागी गराई प्रशिक्षण दिइने गरिएको छ । झण्डै एक दशकदेखि खेलकुदसम्बन्धी पढाइ गरेका शिक्षकले विद्यार्थीलाई खेलकुदसम्बन्धी शारीरिक प्रशिक्षणट्रेनिङदेखि खेलकुदसम्बन्धीका आवश्यक सीप सिकाउँदै आएका छन् । कक्षा १० देखि १२ सम्मका विद्यार्थीलाई खेलकुद प्रतियोगितामा सहभागी गराउँदै आएको खेलकुद शिक्षक धामीले बताए । प्रशिक्षणमा भने कक्षा ८, ९, १०, ११ र १२ का विद्यार्थीलाई सम्मिलित गराईंदै आएको छ ।

'भलिबल, कबड्डी र क्रिकेट विधामा विद्यार्थीलाई प्रशिक्षण दिँदै आएका छौं', उनले भने, 'खेलकुद सामग्री छन् तर पर्याप्त छैनन्, प्रशिक्षण विद्यालयको चौरमा खुला आकास मुनि दिने गरेका छौं, खेलकुदसम्बन्धीका आवश्यक उपकरणको अभाव छ ।'

'खेलकुदका लागि प्रशिक्षण गराउन हल, खेलकुद सामग्री र आवश्यक उपकरण उपलब्ध गराउन सकिए अझै खेलकुदमा बढी पदक जित्न सकिन्छ', शिक्षक धामी अगाडि भन्छन्, 'यसका लागि विद्यालयसँग आर्थिक स्रोतको अभाव छ, नगरपालिका, प्रदेश र संघीय सरकारको सहयोगको अपेक्षा गरेका छौं ।' शैक्षिकसत्र सुरु भएपछि नियमित पठनपाठनको कार्यसँगै वार्षिक कार्यतालिकाअनुसार हरेक शुक्रबार र महिनाको अन्तिम दिन अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप र खेलकुदका कार्यक्रम विद्यालयले सञ्चालन गर्दै आएको छ ।

'विद्यार्थीबीच प्रतिस्पर्धाको भावना जागृत गराउन चारवटा समूह बनाइ बौद्धिक र खेलकुद विधाका कार्यक्रम सञ्चालन गरिँदै आएको छ', विद्यालयका प्रधानाध्यापक जोशीले भने, 'चालु शैक्षिकसत्रको हालसम्म तहगत, सदनात्मक र कक्षागत गरी बौद्धिक विधाका २० वटा कार्यक्रममा ७८ विद्यार्थीलाई पुरस्कृत गरेका छौं, खेलकुदका १७ इभेन्टमा दुई सय १७ छात्रछात्रालाई पुरस्कृत गरिएको छ ।'

विद्यालयका आन्तरिक प्रतिस्पर्धाका कार्यक्रमले जिल्लास्तरीय, प्रदेशस्तरीय र राष्ट्रियस्तरका प्रतियोगितमा विद्यार्थीलाई प्रतिस्पर्धा गरी पदक जित्न सघाउ पुग्दै आएको उनको भनाइ छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टिकेन्द्रराज भट्टले नगरपालिकामा रहेका ३२ वटा सामुदायिक विद्यालयमध्ये धर्म जनता खेलकुदमा उत्कृष्ट रहेको बताए ।

'तीनवटा राष्ट्रिय खेलकुद प्रतियोगितमा विद्यालयका विद्यार्थीले सहभागिता जनाइ पदक जित्नु नगरकै गौरवको विषय हो', उनले भने, 'विद्यालयको भौतिक पूर्वाधार विकाससँगै नगरपालिकाले खेलकुदका पूर्वाधार निर्माणका लागि लगानी गर्ने भएको छ, नगर क्षेत्रमा कभर्डहल निर्माणका लागि चालु आवमा रु ५० लाख बजेट विनियोजन गरिएको छ, हल निर्माणका लागि जग्गा खोजीको कार्य भइरहेको छ ।' विद्यालयका विद्यार्थीको प्रशिक्षणका लागि भौतिक पूर्वाधार निर्माण गर्न र आवश्यक खेलकुद सामग्रीको अभाव पूर्ति गर्नका लागि आगामी नगरसभाबाट केही बजेट विनियोजन हुने र अपुग रकम प्रदेश र संघीय सरकारबाट जुटाइने उनले बताए ।

विद्यालय विसं २०२६ मा स्थापना भएको हो । विद्यालयले हालसम्म कक्षा १० का २५ ब्याच र ११ ब्याचले १२ कक्षा पूरा गरेका छन् । विद्यालयको स्वामित्वमा २८ हजार आठ सय ४० वर्गमिटर जमिन रहेको छ जसमध्ये आठ हजार चार सय ६६ वर्गमिटर जग्गा खेती उद्देश्यका लागि प्रयोग भइरहेको छ भने बाँकी जग्गामा विद्यालयक भवन, खेलमैदान र चारैतिर विद्यालयको निजी वन छ । *रासस*

## नेपाल टी-२० लिग

# विराटनगरको प्लेअफ सम्भावना कायमै

■ प्रभाव संवाददाता

**काठमाडौं–** पहिलो संस्करणको नेपाल टी-ट्वान्टी लिगमा विराटनगर सुपर किंग्सले फार वेस्ट युनाईटेडलाई पराजित गरि प्लेअफ सम्भावना कायमै राखेको छ । फार वेस्टलाई विराटनगरले ३ रनले पराजित गरेको हो ।

त्रिभुवन विश्वविद्यालयको मैदानमा विराटनगरले दिएको १ सय ४८ रनको लक्ष्य पछ्याएको फार वेस्टले २० ओभरमा ९ विकेट १ सय ४४ रन बनायो ।

फार वेस्टका लागि कप्तान हशमतुल्लाह शाहिदीले ४६ बलमा ५८ रनको अर्धशतकीय ईनिङ खेले । उमर अलि २३ रनमा आउट हुँदा विनोद भण्डारी र नुर अहमद समान १०/१० रनमा आउट हुँदा विराटनगरका लागि राज नानन ३ र सुर्य तामाङले २ विकेट लिए । कियोन जोसेफ र नन्दन यादवले समान १/१ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको विराटनगरले २० ओभरमा ६ विकेट गुमाएर १ सय ४७ रन बनायो । विराटनगरका लागि हुसेन तलतले २९ बलमा ५० रनको अर्धशतकीय ईनिङ खेले । विवेक कुमार यादवले २० बलमा अविजित ३५ रन बनाए । अर्जुन साउदले २२ रन बनाउँदा कप्तान रोहित पौडेलले २१ रन बनाए ।

फार वेस्टका लागि उमर अलिले २ तथा करण केसी र दुर्गेश गुप्ताले समान १/१ विकेट लिए । नौ खेलमा चार जित पाँच हार हात पारेको विराटनगरले आजको खेल जितेपश्चात प्लेअफको सम्भाबना मजबुत बनाएको छ । आठ खेलमा ६ अंकका साथ विराटनगर अंक तालिकामा स्थानमा रहेको छ ।

नौ खेलमा दुई जित हात पारेको फार वेस्ट लिग चरणबाट बाहिरिने पहिलो टोली बनेको छ । फार वेस्ट ४ अंकका साथ अंक तालिकाको पुछारमा रहेको छ ।

यही संस्करणको पहिलो भेटमा पनि फार वेस्टलाई विराटनगरले हराएको थियो । डबल राउण्डमा हुने यस लिगमा ३४ खेल हुनेछ ।

यस लिगको विजेताले ५५ लाख पाउने जनाएको छ । यस्तै उपविजेताले ३० लाख नगद पुरस्कार प्राप्त गर्दा तेस्रो हुनले १० लाख र चौथोले ५ लाख पाउने छ । त्यस्तै प्लेयर अफ द सिरिजले ५ लाख प्राप्त गर्दा उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरले २ लाख ५० हजार पाउने छन् । इमर्जिङ प्लेयरले १ लाख ८० हजार पाउने छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAWAL HIKMAH SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/१५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२२ LT. No. 272870 चलानी नं. ६०१८८६४८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 117 | 0 | 1500 | ४५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ३० गते (14th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कःनिःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT. LTD
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

श्रम ईजाजत नं. ६८४/०६३/०६४

# ‘म्यान्मामा ३०० राजनीतिक बन्दीलाई माफी’

**म्यान्मार-** म्यान्मामा ३०० राजनीतिक बन्दीलाई सामूहिक माफी गरिएको छ। म्यान्माको जुन्ता सरकारले यस साता आममाफी पाएका सात हजारभन्दा बढी कैदीमध्ये करिब तीन सय राजनीतिक बन्दी रहेको संयुक्त राष्ट्रसंघले शुक्रबार जनाएको छ।

करिब दुई वर्षअघि सत्ता कब्जा गरेको सैन्य सरकारले म्यान्मा स्वतन्त्र भएको ७५ औँ वर्षगाँठको उपलक्ष्यमा बुधबार सात हजार १२ जना कैदीलाई रिहा गर्ने घोषणा गरेको थियो।

असहमति माथिको निर्मम दमनका क्रममा आममाफीले जेलमा रहेकाहरूलाई समेटेको छ वा छैन भन्ने बारे केही उल्लेख गरिएको छैन तर संयुक्त राष्ट्रसंघको मानव अधिकार कार्यालयले भने राजनीतिक बन्दीहरू रिहा भएकाहरूमध्ये केही भएको बताएको छ।

प्रवक्ता जेरेमी लरेन्सले विश्वसनीय स्रोतलाई उद्धृत गर्दै पत्रकारसँग भने, ‘करिब ३०० जना राजनीतिक बन्दी रिहा भएका छन्।’ उनका अनुसार हालसम्म तीमध्ये १९५ जनाको सनाखत भइसकेको छ। स्थानीय निगरानी समूह एएपीपीले पनि ३०० जना राजनीतिक बन्दीलाई रिहा गरिएको जनाएको छ। तीमध्ये २२३ जनाको पहिचान भइसकेको छ भने अन्य मुद्दाको प्रमाणिकरण गर्ने काम भइरहेको छ।

‘म्यान्मामा राजनीतिक बन्दीहरूको रिहाईले अन्यायपूर्ण तरिकाले हिरासतमा लिएकाहरूलाई मात्र होइन, उनीहरूका परिवारलाई पनि राहत मिलेको छ,’ लरेन्सले भने।

आममाफीको स्वागत गर्दै लरेन्सले भने, ‘यी राजनीतिक बन्दीहरू रिहा भएकै दिन अन्य २२ जनालाई हिरासतमा लिइएको थियो।’

सैन्य शासनको विरोध गरेको भन्दै हिरासतमा लिइएका धेरै मानिसहरूलाई यातना र दुर्व्यवहार गरिएको उनले बताए। ‘यस्ता गिरफ्तारीहरू सैनिक सरकारका आलोचकहरूलाई चुप लगाउने उद्देश्यले मात्र गरिएको होइन, डर पैदा गर्ने योजना पनि गरिएको छ,’ उनले बताए।

‘सन् २०२१ को फेब्रुअरीमा भएको सैन्य ‘कू’ पछि करिब १७ हजार व्यक्ति पक्राउ परिसकेका छन् भने १३ हजारभन्दा बढी हिरासतमा रहेका छन्,’ लरेन्सले भने। यससम्बन्धमा संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर तुर्कले म्यान्माको अवस्थाबारे प्रतिवेदन तयार गरिरहेका छन्। उनले भने, ‘म्यान्माको सङ्कटबाट बाहिर निस्कने बाटो मानिसहरूलाई थुनेर होइन, उनीहरूलाई स्वतन्त्र, पूर्ण र प्रभावकारी रूपमा राजनीतिक जीवनमा भाग लिन दिएर हुनसक्छ।’ *रासस/एपी*

## भारतमा शीतलहरले एकैदिन २२ को मृत्यु

**भारत-** भारतको उत्तर प्रदेशमा शीतलहरबाट सृजित चिसोले एकै दिन हृदयाघातका कारण कम्तीमा २२ जनाको मृत्यु भएको छ। मृतकहरू उत्तर प्रदेशको राजधानी लखनउबाट ८८ किलोमिटर पश्चिमस्थित कानपुरका बासिन्दा भएको बताइएको छ।

लक्ष्मीपत सिंघानिया इन्स्टिच्युट अफ कार्डियोलोजी एन्ड कार्डियाक सर्जरी (एलपीएस इन्स्टिच्युट अफ कार्डियोलोजी) कानपुरले जारी गरेको तथ्याङ्कअनुसार बिहीबार अस्पतालको आकस्मिक तथा बहिरंग विभाग (ओपिडी)मा ७२३ जना मुटुका बिरामी आएका थिए। तीमध्ये अस्पतालमा सात जनाको उपचारकै क्रममा मृत्यु भएको र १५ जना अस्पताल नआइपुग्दै मृत घोषणा गरिएको थियो।

अस्पतालका डाक्टरहरूले कानपुरमा फैलिएको शीतलहरका कारण रक्तचापमा अचानक वृद्धि भएको र त्यसले हृदयाघात निम्त्याएको बताइएको छ।

‘कानपुरमा व्यापक शीतलहर बढेको छ जसका कारण हृदय रोगबाट पीडित मानिसहरूको संख्या ह्वात्तै बढेको छ,’ एलपीएस इन्स्टिच्युट अफ कार्डियोलोजीका निर्देशक विनय कृष्णले बताएका छन्।

कानपुरका स्वास्थ्य विज्ञहरूले सबैलाई न्यानोमा रहन र घरभित्रै बस्न सल्लाह दिएका छन्। उत्तर भारत विगत केही दिनदेखि शीतलहरको चपेटामा परेको छ उत्तरी राज्यहरूमा तापक्रममा उल्लेख्य गिरावट आएको छ। *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **REGENT PALACE HOTEL LLC**

पूर्व स्वीकृति मिति २०७८/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२२ | LT. No. 254704 | चलानी नं. ६०१७४९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 1 | 1200 | ४३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 11 | 0 | 1200 | ४३,५८० | | | | | | | |
| 3 | Tailor | 2 | 0 | 1500 | ५४,४७५ | | | | | | | |
| 4 | Barman | 12 | 0 | 1500 | ५४,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ३० गते (14th Jan. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Indigo Overseas Pvt. Ltd.**

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,
indigo.recp@gmail.com, Website : www.ioplneoal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FU HAO HOU TRADING**

पूर्व स्वीकृति मिति : २०७९/०४/२० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/२२ | LT. No. 268387 | चलानी नं.६०१८४५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 2000 | ७३,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,५९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ३० गते (14th Jan. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Aarambha H R Services Pvt.Ltd**

Govt.Lic. No. 1241/074/075

Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SHOWA DENKO HD (MALAYSIA) SDN.BHD.**

पूर्व स्वीकृति मिति : २०७९/०८/२३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२२ | LT. No. 276988 | चलानी नं.६०१९२०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Specialist | 10 | 0 | 1500 | ४५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ३० गते (14th Jan. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Api Manpower Solutions Pvt Ltd**

Lic No. 1115/073/074

Kusunti-14, Lalitpur, Nepal
Tel:+977-01-5554927, 5554928 E-mail: info@apimanpower.com,
apimanpowers@gmail.com Website : www.apimanpower.com



## टर्कीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MARSTURK DANISMANLIK ORGANIZASYON VE ANIMASYON HIZ. TUR. TIC. A.S.**

पूर्व स्वीकृति मिति २०७९/०९/२२ | LT. No. 278898 | चलानी नं. ६०१९४५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 425 | ४६,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 70 | 0 | 500 | ६६,७०० | | | | | | | |
| 3 | Truck Mechanical | 10 | 0 | 500 | ६६,७०० | | | | | | | |
| 4 | Welder | 10 | 0 | 425 | ४६,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं तथा पृथ्वी चोक, पोखरा (बाजेको सेकुवा) मा मिति: २०७९ पौष ३० देखि माघ १४ गते (14th to 28th Jan. 2023) सम्म हुनेछ। | पोखराको लागि सम्पर्क नं.: ९८०६७८९९९१

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ४०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Al Asar International Pvt.Ltd.**

Govt. License 1373/074/75

Panchakumari Marg -09,Kathmandu, Nepal, Phone no +97714594144,
+9774594145, Mob No.: 9801305656 , 9801836652, 9801233962, 9801056652
Email - alasarintlpvtltd@gmail.com, manishbaral44@gmail.com,Web- alasarinternational.com.np


अनुसुची - ३

**इष्टर्न हाइड्रोपावर लिमिटेडको**

## साधारण सभा मार्फत संचालक निर्वाचनको सूचना

इष्टर्न हाइड्रोपावर लिमिटेडको संचालक समितिमा सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्वाचन प्रयोजनको लागि निम्न बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ।

| क.सं. | कार्यक्रम | मिति देखि | मिति सम्म | समय देखि | समय सम्म | स्थान निर्वाचन अधिकृतको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | २०७९/०९/२६ | २०७९/०९/२६ | १२:०० | | ,, | |
| २. | मतदाता नामावलीमा दावी विरोध | ,, | ,, | १२:०० | १:०० | ,, | |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | ,, | ,, | १:१५ | १:३० | ,, | |
| ४. | उमेदवारको मनोनयन पत्र दर्ता | ,, | ,, | २:०० | ४:०० | ,, | |
| ५. | मनोनयनको पत्र दर्ता भएका उमेदवारहरुको नामावली प्रकाशन | ,, | ,, | ४:३० | ५:०० | ,, | |
| ६. | उमेदवारको विरोधमा उजुरी | २०७९/०९/२७ | २०७९/०९/२७ | १२:०० | १२:३० | ,, | |
| ७. | मनोनयन पत्रको जाच र उजुरी उपर निर्णय | ,, | ,, | १२:०० | १२:०० | ,, | |
| ८. | उमेदवाारको अन्तिम नामावली प्रकाशन गर्ने | ,, | ,, | १२:१५ | १२:३० | ,, | |
| ९. | उमेदवारको आफ्नो नाम फिर्ता लिने | ,, | ,, | १:०० | ४:०० | ,, | |
| १०. | उमेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | ,, | ,, | ४:३० | ५:०० | ,, | |
| ११. | मतदान गर्ने | २०७९/०९/३० | | | | | |
| १२. | मतगणना गर्ने | ,, | | | | | |
| १३. | निर्वाचन परिणाम प्रकाशन तथा घोषणा | ,, | | | | | |

**प्रमुख निर्वाचन अधिकृत**
**मिति २०७९।०९।२३**

## अधिकतम खुद्रा बिक्री मूल्य (M R P) सुची प्रकाशन सूचना

यस अल्फा अटोमोटिभ प्रा.लि. ले रोयल इन्फिल्ड : ए युनिट अफ आइसर मोटोर्स लि. भारत बाट पैठारी गरेको देहायका मालबस्तुहरुको अधिकतम खुद्रा मूल्य (M R P) निम्नानुसार भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.न | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता (CC) | उत्पतिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Classic 350 CC Black | Motorcycle | Royal Enfield | Classic | 350 | भारत | १ | 640,000.00 | 640,000.00 | |
| 2 | Classic 350 CC Gunmetal Grey | Motorcycle | Royal Enfield | Classic | 350 | भारत | १ | 650,000.00 | 650,000.00 | |
| 3 | Classic 350 CC Battle Green | Motorcycle | Royal Enfield | Classic | 350 | भारत | १ | | | |
| 4 | Classic 350 CC Redditch Red | Motorcycle | Royal Enfield | Classic | 350 | भारत | १ | | | |
| 5 | Classic 350 CC Ash | Motorcycle | Royal Enfield | Classic | 350 | भारत | १ | | | |
| 6 | Meteor 350 CC Fireball Yellow | Motorcycle | Royal Enfield | Meteor Fireball | 350 | भारत | १ | 830,000.00 | 830,000.00 | |
| 7 | Meteor 350 CC Fireball Red | Motorcycle | Royal Enfield | Meteor Fireball | 350 | भारत | १ | | | |
| 8 | Meteor 350 CC Fireball Blue | Motorcycle | Royal Enfield | Meteor Fireball | 350 | भारत | १ | | | |
| 9 | Meteor 350 CC Fireball Matt Green | Motorcycle | Royal Enfield | Meteor Fireball | 350 | भारत | १ | | | |
| 10 | Meteor 350 CC Stellar Black | Motorcycle | Royal Enfield | Meteor Stellar | 350 | भारत | १ | 850,000.00 | 850,000.00 | |
| 11 | Meteor 350 CC Stellar Blue | Motorcycle | Royal Enfield | Meteor Stellar | 350 | भारत | १ | | | |
| 12 | Meteor 350 CC Stellar Red | Motorcycle | Royal Enfield | Meteor Stellar | 350 | भारत | १ | | | |
| 13 | Meteor 350 CC Supernova Blue | Motorcycle | Royal Enfield | Meteor Supernova | 350 | भारत | १ | 870,000.00 | 870,000.00 | |
| 14 | Meteor 350 CC Supernova Brown | Motorcycle | Royal Enfield | Meteor Supernova | 350 | भारत | १ | | | |
| 15 | Meteor 350 CC Supernova Red | Motorcycle | Royal Enfield | Meteor Supernova | 350 | भारत | १ | | | |

बिक्रेता फर्मको नाम : **ALPHA AUTOMOTIVE PVT. LTD** | एक्जीम कोड नं. ६१००५५६९६०११२NP
ठेगाना : का.म.न.पा. २८, पुतलीसडक, काठमाण्डौ, नेपाल | फोन नं. ०१-५३५०००९

## श्री भालुखोला गौजेनी सामुदायिक वन उपभोक्ता समूह बबई ५ दाङको समूह बाहिर काठ बिक्री सम्बन्धी सूचना

श्री भालुखोला गौजेनी सामुदायिक बन उपभोक्ता समूहको बनबाट उत्पादन भई बबई ५ खाल्टे दाङमा घाटगद्दी गरी राखिएको काठ बिभिन्न जातको २६४६.८१ क्यू.फि. तथा साल दाउरा २०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, बन निर्देशनालय भैरहवामा, डिभिजन बन कार्यालयमा घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

श्री भालुखोला गौजेनी सामुदायिक बन उपभोक्ता समूह
बबई गा.पा. वडा नं. ५ दाङ

## अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालबस्तुहरूको खुद्रा अधिकतम बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्बसाधारणको जानकारीका लागि यो मूल्यसूची प्रकाशन गरिएको छ।

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | उत्पतिका मुलुक राष्ट्र | क्षमता | इकाइ | प्रति इकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Slane | N90 | चीन | ३००० वाट | २ पिस | २,५०,०००/- | ३,००,०००/- |
| २. | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Benbao | BB1500DT-6 | चीन | ३०००वाट | २ पिस | २,३०,०००/- | २,८०,०००/- |

| | |
|---|---|
| बिक्रेता फर्मको नाम: जमुनी अटो सेन्टर प्रा.लि. | स्थायी लेखा नं. ६१०२९४९९० ठेगाना: वार्ड नं. ०३, बूढानीलकण्ठ, काठमाडौं, नेपाल |
| फोन नं. ९८०८७०७६४४ | एक्जिम कोड: ६१०२९४९९००१३९NP |


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०२३०० | प्रति तोला – १०१८०० | प्रति तोला – १३६५ |





# नेपालको बिजुली आयातमा सहजीकरण गरिदिन भारतलाई बंगलादेशको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** बंगलादेशले नेपालको बिजुली सहजरूपमा आयातका लागि सकारात्मक सहयोग गर्न भारतलाई आग्रह गरेको छ । ऊर्जाको बढ्दो माग तथा सङ्कट समाधानका लागि बंगलादेशले सकारात्मक वातावरण बनाइदिन भारतसँग पुनः आग्रह गरेको हो ।

बंगलादेशका विद्युत्, ऊर्जा तथा प्राकृतिक स्रोत राज्यमन्त्री नसरुल हमिदले भारतका नवीन तथा नवीकरणीय ऊर्जामन्त्री राजकुमार सिंहसँग बुधबार भएको भेटमा नेपालको बिजुली आयातका लागि देखिने गरी सहकार्य गर्न आग्रह गर्नुभएको हो । यसअघि गत सेप्टेम्बरमा पनि बंगलादेशका प्रधानमन्त्री शेख हसिनाले आफ्ना भारतीय समकक्षीसँग त्यस्तै आग्रह गरेका थिए ।

बंगलादेशले हाल भारतबाट एक हजार एक सय ६० मेगावाट बराबरको बिजुली लगिरहेको छ। भारतीय मन्त्री सिंहले नेपालबाट बंगलादेशमा बिजुली आयातका लागि सहकार्य गर्ने प्रतिवद्धता जनाउनुभएको बंगलादेशका सञ्चारमाध्यमले जनाएका छन् । बंगलादेशले सन् २०४० सम्म नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने रणनीति तय गरेको छ ।

बंगलादेशले सुनकोशी तेस्रो जलविद्युत् आयोजनामा लगानीका लागि चासो व्यक्त गर्दै आएको छ । यस्तै, भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जिएमआर)ले निर्माण गर्न लागेको नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको पाँच सय मेगावाट बिजुली लैजाने बताएको छ । यस्तै, गत भदौ नौ गते सम्पन्न नेपाल र बंगलादेशको ऊर्जा सचिवस्तरीय बैठकले तत्काल नै नेपालबाट ५० मेगावाट बिजुली लैजाने सहमति जनाएको थियो ।

बिजुली लैजानका लागि भारतीय संरचना प्रयोग गर्नुपर्ने भएकाले सम्बन्धित पक्षबीच त्रिपक्षीय छलफल गर्ने निर्णयसमेत सो बैठकले गरेको थियो । सचिवस्तरीय बैठकले भारतीय भूमि र संरचना प्रयोगका सम्बन्धमा आवश्यक सहमति जुटाउन त्रिपक्षीय छलफल गर्ने सहमति गरेको थियो ।

नेपाल र बंगलादेशबीच डेडिकेटेड विद्युत् प्रसारण लाइन निर्माण गर्न भारतको अनुमति आवश्यक छ। बंगलादेशले प्रारम्भिक चरणमा ४० देखि ५० मेगावाट बराबरको बिजुली लैजान सकिने बताएको थियो । बंगलादेशको भेरामारामा अवस्थित हाइ भोल्टेज डाइरेक्ट करेन्ट संरचनाको बाँकी रहेको क्षमता उपयोग गरी नेपालबाट त्यहाँ प्रारम्भिक चरणमा बिजुली निर्यातको मार्ग खोल्ने तयारी गरेको छ ।

विद्युत् निर्यातका लागि नेपाल विद्युत् प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतको एनटीपीसी व्यापार निगमबीच त्रिपक्षीय समझदारी हुन आवश्यक छ । प्राधिकरण र बंगलादेशको बोर्डले भारतीय पक्षलाई अनुरोध गर्ने सहमतिसमेत भएको थियो।

एनभीभीएन भारतको ऊर्जा व्यापारको 'नोडल एजेन्सी' हो । बंगलादेशले हाल भारतबाट बिजुली लगिरहेको संरचनाले धान्ने बराबरको बिजुली लैजान तयार रहेको जनाएको थियो ।

विद्यमान संरचनाले करिब ४० देखि ५० मेगावाटसम्म बिजुली लैजान सकिने देखिएको छ। बंगलादेशले कूल छ सय ८३ मेगावाट क्षमताको सुनकोसी तेस्रो जलविद्युत् आयोजना निर्माणका लागि सहमति जनाउँदै त्यसका लागि संयुक्त उपक्रममा रहने गरी प्रक्रिया अगाडि बढाइने सहमति गरको छ।

# ५३ खर्ब पुग्यो बैंक तथा वित्तीय संस्थाको निक्षेप

■ प्रभाव संवाददाता

**काठमाडौं–** बैंक तथा वित्तीय संस्थामा रु ५३ खर्बभन्दा बढी निक्षेप सङ्कलन भएको छ ।

नेपाल राष्ट्र बैंकको पछिल्लो विवरणअनुसार पुस २० गतेसम्म बैंक तथा वित्तीय संस्थामा रु ५३ खर्ब दुई अर्ब निक्षेप सङ्कलन भएको हो । पुस १९ सम्म वाणिज्य बैंक विकास बैंक र फाइनान्स कम्पनीसँग रु ५२ खर्ब ९५ अर्ब निक्षेप रहेकोमा पुस २० गते रु ५३ खर्ब २ अर्ब पुगेको हो ।

गत मङ्सिरको अन्तिमसम्ममा रु ५२ खर्ब हराहारीमा रहेको निक्षेप सङ्कलन पछिल्लो समय बढ्न थालेको हो । राष्ट्र बैंकको तथ्याङ्कअनुसार वाणिज्य बैंकमा मात्रै रु ४६ खर्ब ७५ अर्ब निक्षेप सङ्कलन भएको छ ।




पुस २० गतेसम्म बैंक तथा वित्तीय संस्थाले रु ४७ खर्ब ६७ अर्ब बराबरको कर्जा लगानी गरेका छन् । यस अवधिमा बैंक तथा वित्तीय संस्थाको औसत सिडी रेसियो ८६ दशमलव ५६ प्रतिशत छ । बैंकमा लगानीयोग्य रकम बढेकै कारण अन्तर बैंक सापटीको ब्याजदर पनि घटेर ६ दशमलव ८३ प्रतिशत पुगेको छ ।

# 'विमानस्थल बन्यो अब विकास होला कि ?'

■ जमुना वर्षा शर्मा

**पोखरा–** पर्यटकीय नगरी पोखरा भन्नेवित्तिकै अधिकांश मानिसहरू 'फेवाताल' सम्झन्छन् । पोखराको विकास पनि यसैलाई केन्द्रित गरी भयो। फलस्वरूप आजका दिनसम्म पनि पोखरा जाने अधिकांशको 'बकेट लिस्ट'मा फेवाताल र लेकसाइड नछुट्ने गन्तव्यमा पर्छन् ।

तर नजिकैको उत्तिकै सुन्दर र पर्यटकीय गन्तव्य बनेको लेखनाथमा भने अपेक्षाकृत पर्यटक पुगेको भने छैन । लेखनाथ नगरपालिका २०७३ फागुन २५ गते पोखरासँग जोडिएर देशकै ठूलो पोखरा महानगर बनेको थियो । पोखरा महानगरपालिमा समेटिएसँगै यस क्षेत्रको धेरै विकास हुनेमा आशावादी रहेका स्थानीयहरू सोही अनुरूपको पूर्वाधार विकास नहुँदा र बत्ति मुनीको अँध्यारोमा रहेको गुनासो गर्दै आएका छन् ।

यद्यपि हालै पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै यस क्षेत्रको पूर्वाधार विकासमा सरकारले ध्यान दिएर पर्यटकीय गतिविधि बढाउन सकेमा लेखनाथको समग्र विकासमा भूमिका खेल्ने विश्वास लेखनाथबासीको छ ।


'सात तालको बाटिका शहर' परिचय बनाएको लेखनाथ पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भएसँगै यस क्षेत्रको पूर्वाधार विकासको खाँचो रहेको बताउँछन्- लेखनाथ होटल एशोसियशनका अध्यक्ष विरभद्र कँडेल ।

'लेखनाथ असाध्यै सुन्दर गन्तव्य हो, प्राकृतिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक हरेक कुराले भरिपूर्ण लेखनाथ सधैं ओझेलमा छ', उनले भने, 'अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भएपछि भने यस क्षेत्रको पूर्वाधार विकासमा सरकारको ध्यान जान्छ कि भन्ने आशा लिएका छौं ।'

उनका अनुसार पहिले सञ्चालित विमानस्थलबाट लेकसाइड नजिक पर्दथ्यो भने अन्तर्राष्ट्रिय विमानस्थलबाट लेकसाइड र लेखनाथको बेगनास तालसम्मको दूरी उस्तै भएकाले पर्यटक लेखनाथसम्म आउने अपेक्षा गरिएको छ ।

लेखनाथमा रहेका रूपा, वेगनास, गुँदे, न्यूरेनी, दिपाङ, खास्टे, मैदी जस्ता रमणीय तालका साथै यहाँबाट आठ हजार मिटरभन्दा अग्ला धौलागिरि, अन्नपूर्ण, मनास्लु जस्ता हिमश्रृंखलाहरू देख्न सकिन्छ । त्यति मात्रै होइन, प्रिन्स चार्ल्स ल्र्स रोयल ट्रेक , चरा पर्यटन, लेखनाथको जन्मस्थल अर्घौ अर्चले, पचभैया, देउराली, चिडियाखाना, वराह क्षेत्र जस्ता निकै महत्व बोकेका पर्यटकीय गन्तव्यसँगै सुन्दर दृश्यवलोकन गर्न सकिने यस क्षेत्रको विकासमा तीनै तहको सरकारले विजयपुर खोला वारीका समस्यामा नेतृत्वले कहिल्यै ध्यान नदिएको गुनासो गरे ।

'हामीले धेरै आश्वासन पायौं, पोखरा-२६ सिलिंगेमा अन्तर्राष्ट्रिय स्तरको सम्मेलन केन्द्र बनाउने भनेर पाँच सय रोपनी जग्गा छुट्टाएर राखिए पनि योजनामा समेटिएन', उहाँले भन्नुभयो, 'बेगनास तालको बसपार्क, प्रदेशस्तरी बसपार्क, साततात जोड्ने योजना, धार्मिक पर्यटन प्रवर्द्धनका कैयन विषय भए पनि योजनामा परेनन् ।'



जोड दिनुपर्ने स्थानीयहरूको भनाइ छ ।

विसं २०३७ मा बेलायती राजकुमार चार्ल्सले पदयात्रा गरेपछि यो बाटो रोयल ट्रेकका रूपमा चर्चित भए पनि यसको प्रवर्द्धन हुन नसकेको उहाँको भनाइ छ । विमानस्थल सञ्चालनसँगै लेखनाथ आसपासको ग्रामीण पर्यटन प्रवर्द्धन पनि गर्न सकिने उनको भनाइ छ ।

लेखनाथ विकास मञ्चका संयोजक एवम सामाजिक अभियन्ता सन्दीप पौडेल साविक लेखनाथलाई पोखरासँग जोडेर महानगर बनाउँदा विकासका धेरै आश्वासन पाएको तर पछिल्लो समय

साथै तालचोक-बेगनास तालसम्म पर्ने बाटोको दुराबस्थाले पनि पर्यटकलाई सास्ती भएको, पूर्वाधार विकासको अभावमा यस क्षेत्रमा पर्याप्त लगानी हुन नसकेको र पर्यटकको बसाइ लम्बाउने गतिविधि हुन नसकेको गुनासो गरे ।

उनका अनुसार बिदाका दिन तीन हजारदेखि पाँच हजारसम्म र सामान्य दिनमा एक हजारको हाराहारीमा बेगनास र रूपा लगायतका पर्यटकीय क्षेत्रमा पर्यटक आउने भएपनि बेलुका भने पोखरा नै फर्कने गरेका छन् ।

जग्गाको मुआब्जा दिने गरी रूपातालमा बाँध बाँधेर करिब रू ६ अर्बको वृहत परियोजना एकीकृत रूपाताल विकास समितिमार्फत् भइरहेको र करिब ४५ प्रतिशत काम सम्पन्न भइसकेको पनि उनले जानकारी दिए ।

अन्तर्राष्ट्रिय विमानस्थलमा उडानका लागि तत्काल केही समस्या देखिए पनि यसको समाधानसँगै समग्र पोखरा र गण्डकी प्रदेशकै पर्यटन विकास हुनेमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशिराज भण्डारीले विश्वास व्यक्त गरे ।

'नयाँ विमानस्थलबाट अन्तर्राष्ट्रिय बजार जोड्ने पहुँचको मार्ग बन्यो, पूर्वाधार बनेपनि सञ्चालनका चुनौती छन्, हवाई रुट सम्झौतापछि समस्या समाधान हुन्छ', भण्डारीले भने, 'पोखरा अन्तर्राष्ट्रिय बजारसँग जोडिएपछि र पर्यटक आवागमन स्वतः बढ्नेछ त्यसैले अब थप पूर्वाधारमा ध्यान दिनुपर्छ ।'

उनले विमानस्थल सञ्चालनमा आएसँगै सार्क राष्ट्रका साथै चीनका दक्षिण भेगका शहर, थाइल्याण्ड, हङकङ, मलेसिया जस्ता गन्तव्यमा न्यारो बडी विमानमार्फत् जोड्न सकिने र यसले पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याउनेमा विश्वास व्यक्त गरे ।

'डुंगा चढ्न मात्र बेगनास र रूपा किन जाने ? वेगनासताल वरिपरि फुट ट्रेल, हाइकिङ रुट, विपश्यना ध्यान केन्द्रको प्रचार-प्रसार होस्, जुलोजिकल पार्क विकास होस्,' उनले भने । लगानीमैत्री वातावरण बनाएर वृहत विकासका लागि एकीकृत सोच र धारणाको खाँचो औंल्याउँदै प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै मानिसको जीवनस्तर उकास्ने पर्यटकीय गतिविधिको खोजी अब लेखनाथमा हुनुपर्ने उनको धारणा छ ।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयले विमानस्थल सञ्चालन आएसँगै लेखनाथको पुर्वाधार विकासमा ध्यान दिनुपर्ने बताए । 'सुन्दर र शान्त वातावरण मनपराउने पर्यटकका लागि लेखनाथमा प्रशस्त सम्भावना छन्, सडक पहुँचदेखि थप पूर्वाधार विस्तारमा जोड दिनुपर्छ,' उनले भने । उनले विजयपुल विस्तारसँगै पोखरा मुग्लिङ सडक खण्ड विस्तार, साततात जोड्ने सहज पहुँचमार्ग तत्काल आवश्यकता र विकासमा साझेदारीता आवश्यकता रहने भएकाले लगानीमैत्री वातावरण सरकारले तयार गरिदिए निजी क्षेत्र लगानी गर्न तयार र उत्साहित रहेको बताए ।

आत्रेयले पछिल्लो समय बेगनासताल किनारको माझीकुना साथै रूपा तालमाथिको झोलुंगे पुल, सुन्दरी डाँडा र पचभैया, बराह क्षेत्र पर्यटकको रोजाइमा परेकाले यस्तै पूर्वाधार विकास गरेर पर्यटकलाई थप आकर्षित गर्न सकिने बताए ।

पर्यटकीय विकाससँगै यस क्षेत्रको उत्पादन, प्रवर्द्धन र बजारीकरणका लागि संघले वर्षेनि महोत्सव गर्दै आएको पनि जानकारी दिए । उनले पोखरा शहरमा शहरीकरणसँगै ट्राफिक जाम निकै बढ्दै गएकाले अब प्राकृतिक शान्त वातावरण चाहने आन्तरिक तथा बाह्य पर्यटकका लागि लेखनाथ एक उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास हुने विश्वास व्यक्त समेत व्यक्त गरे । *रासस*

# 'व्यवसायीको मनोबल उच्च बनाए अर्थतन्त्र लयमा आउँछ'



**काठमाडौं (प्रस)–** नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले वर्तमान सरकारले उद्योगी व्यवसायीहरूको मनोबल उच्च बनाउने निर्णय गरे तत्काल अर्थतन्त्र लयमा आउने बताएका छन् । पछिल्लो समय उद्योगी व्यवसायीहरूको मनोबल कमजोर भएकाले उद्योग व्यवसायमा संकुचन आएको भन्दै उनले वर्तमान सरकारले उद्योगी व्यवसायीहरूको मनोबल उच्च बनाउने गरी निर्णय गर्नुपर्ने बताएका हुन् ।

अध्यक्ष अग्रवालले वर्तमान सरकार गठन भएपछि पुँजी बजार लगातार रूपमा वृद्धि भइरहेको बताए । अर्थतन्त्रका कुनै पनि प्यारामिटरहरू परिवर्तन नगरी, र कुनै निर्णय बिनानै पुँजीबजार बढ्नुको कारण उच्च मनोबलको भएको उनको दाबी छ ।

अध्यक्ष अग्रवालले सरकारले बैंकको ब्याजदर कम गर्ने, तरलता सहज ल्याउने र एलसी मार्जिन कम गर्ने निर्णय गरे व्यवसायीहरूको मनोबल सकारात्मक हुने बताए । उनले पछिल्लो समय अर्थतन्त्रमा देखिएका समस्या उद्योगी व्यवसायीहरूको मनोबल कमजोर भएको कारण भएको दाबी गरे । उनले प्रधानमन्त्री तथा अर्थमन्त्रीलाई भेटेर अर्थतन्त्र लयमा ल्याउन सरकारले चाल्नुपर्ने कदमको विषयमा जानकारी गराएको बताए ।

अध्यक्ष अग्रवालले उद्योग परिसंघका माग र दिएका सुझावलाई सरकारले तत्काल सम्बोधन गरे मुलुकको अर्थतन्त्र लयमा आउने समय नलाग्ने बताए । उनले सरकारले उद्योगी व्यवसायीहरूको मनोबल उच्च हुने खालको नीतिगत व्यवस्था गर्‍यो भने व्यवसायी र अर्थतन्त्र दुवै सकारात्मक बाटोमा जाने उल्लेख गरे । उनले मुलुकमा जुनसुकै सरकार आए पनि व्यवसायीहरूको मनोबल उच्च राख्न आवश्यक रहेको बताए । अर्थतन्त्र लयमा आउँदा उच्च रूपमा गिरावट आएको माग बढ्ने र उद्योग व्यवसायमा लगानी पनि बढ्ने बताए ।

अध्यक्ष अग्रवालले वर्तमान सरकारले अर्थतन्त्रमा देखिएका समस्यालाई समाधान गर्दै व्यापार व्यवसायमा आएको गिरावटलाई कम गर्न सहयोग गर्नुपर्ने बताए । उनले पछिल्लो समय मागमा संकुचन हुनु आर्थिक वर्षको पाँच महिना गत वर्षको सोही अवधिको तुलनामा राजश्व संकलनमा २० प्रतिशत संकुचन हुनु प्रमुख कारण भएको बताए । उनले शेयर बजार, घरजग्गाको कारोबार गिरावटको कारण सबै क्षेत्रको मागमा संकुचन आएको बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ